# काभ्रेपलाञ्चोक जिल्ला अदालत
## धुलिखेल, काभ्रेपलाञ्चोक

(प्रशासन शाखा)

पत्र संख्याः-
च.नं. १५८६

२०७८/७/२५

मितिः- २०७८।०७।२५

**मेलमिलापकर्ताको रुपमा सूचीकृत हुने तथा सूची अद्यावधिक गर्ने सम्बन्धमा सूचना !!!**

मेलमिलाप सम्बन्धि नियमावली, २०७० को नियम ९ र जिल्ला अदालत नियमावली, २०७५ को नियम ५० बमोजिम प्रत्येक वर्ष मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन निवेदन माग गर्नुपर्ने र सूचीकृत रहेका मेलमिलापकर्ताहरुको सूची अद्यावधिक गर्न र मेलमिलापकर्ताको रुपमा नयाँ सुचीकृत हुन चाहने व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएका मितिले ३०(तीस) दिनभित्र चालु आ.व. २०७८/०७९ का लागि मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन निम्न कागजातहरु सहित यस अदालतमा निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः

- मेलमिलाप परिषद्बाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- संस्थाको हकमा संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि
- निवेदकको पासपोर्ट साइजको फोटो २ प्रति

नोटः निवेदन फारम यस अदालतको मेलमिलाप शाखाबाट प्राप्त गर्न सकिनेछ।